त्रिभुवन विश्वविद्यालय
TRIBHUVAN UNIVERSITY
इन्जिनियरिङ्ग अध्ययन संस्थान
INSTITUTE OF ENGINEERING
परीक्षा नियन्त्रण महाशाखा
EXAMINATION CONTROL DIVISION

Chakupat, Lalitpur, Nepal
Tel. 977-5260636, 5260716
Fax: 977-1-5260129
ecd@ioe.edu.np, www.exam.ioe.edu.np
चाकुपाट, ललितपुर, नेपाल
फोन: ५२६०६३६, ५२६०७१६
फ्याक्स: ५२६०१२९

# वैकल्पिक परीक्षा २०७८: परीक्षार्थीहरूको लागि निर्देशिका

इ.अ.सं., परीक्षा नियन्त्रण महाशाखाले २०७८ भाद्र/आश्विन महिनामा सञ्चालन गर्ने B.E./B.Arch. सबै वर्ष प्रथम खण्डका परीक्षाहरू भौतिक र वैकल्पिक दुवै विधिमा गर्न सक्ने गरी तयारी गरेको छ । नेपाल सरकारले भौतिक उपस्थितिमा हुने परीक्षामा रोक लगाएको अवस्थामा मात्र वैकल्पिक विधि (Alternative Method) बाट हुने परीक्षामा परीक्षार्थीहरूले निम्न लिखित बुँदाहरूमा ध्यान दिनुपर्ने छ :

१ वैकल्पिक परीक्षा MS Team मार्फत Multiple Choice Question (MCQ) बिधिबाट सञ्चालन गरिने छ ।

२. पूर्णाङ्क ८० को लागि प्रत्येक विषयमा २ अंकभारका ४० वटा MCQs सोधिनेछ भने पूर्णाङ्क ४० को लागि २ अंकभारका २० वटा MCQs सोधिने छ ।

३. परीक्षा शुरु हुनुभन्दा १५ मिनेट अगाडि नै MS Team मा Login खुल्ने छ । परीक्षा शुरु भएको ३० मिनेटपछि Login हुन पाइने छैन । त्यस्तो पाइएमा सम्बन्धित परीक्षार्थीको परीक्षा रद्द हुनेछ ।

४. परीक्षार्थीहरूले परीक्षा अवधिभर पुरै अनुहार देखिने र Voice सुनिने गरी Video Camera On गरिरहनु पर्ने छ । विद्युत र इन्टरनेटको वैकल्पिक Back Up को व्यवस्था (जस्तै Laptop/Mobile charge, Data Pack) परीक्षार्थीहरू स्वयंले गर्नुपर्ने छ ।

५. परीक्षा चलिरहेको समयमा कुनै कारणले परीक्षार्थी Logout भएमा ५ मिनेट भित्रै पुन: Login हुनुपर्नेछ, ५ मिनेट भन्दा बढी Offline भएमा परीक्षा स्वत: रद्द हुनेछ ।

६. परीक्षाको समयावधि ८० पूर्णाङ्कको ९० मिनेट र ४० पूर्णाङ्कको ५० मिनेटको हुनेछ । तोकिएको समयभित्र सोधिएको प्रश्नहरूको उत्तर Submit गरिसक्नु पर्नेछ । समयभित्र Submit नभएमा परीक्षार्थी स्वयं नै जिम्मेवार हुनेछ ।

७. वैकल्पिक परीक्षामा प्रत्येक परीक्षार्थीको Screen मा प्रश्नहरु र बैकल्पिक उत्तरहरु Reshuffle हुनेछन् ।

८. पर्यवेक्षक र निरीक्षकहरूले Online मार्फत वैकल्पिक परीक्षा Monitor गरिरहेका हुनेछन् र परीक्षार्थीहरूले पर्यवेक्षक र निरीक्षकहरूको निर्देशन पालना गर्नुपर्ने छ ।

सहायक डीन